कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय,संखुवासभा

तुम्लिङटार, नेपाल

प.सं : ०८२/८३
च.नं : ११२४

मिति : २०८३/०३/१७

"कर्मचारीमाथि भएको कुटपिट तथा सांघातिक आक्रमणप्रति गम्भीर ध्यानाकर्षण"

मिति २०८३/०३/१५ गते बिंहान करिब ९:३० बजेको समयमा पूर्वाधार विकास कार्यालय भोजपुरमा कार्यरत सब-इञ्जिनियर श्री आनन्द कुमार साह भोजपुर-मानेभञ्ज्याङ-बैकुण्ठे-बाँसिखोरा-बालांखा-रानिटार सडक आयोजना अन्तर्गत रामप्रसादराई गाउँपालिका-७, छापागाउँ-बाँसिखोरा सडक खण्डको निर्माण कार्यको स्थलगत अनुगमन तथा निरीक्षणमा खटिनुभएको अवस्थामा निर्माण कार्यको गुणस्तर कायम गर्न आवश्यक निर्देशन दिँदै गर्दा स्थानीय कामदारहरूको एक समूहबाट उहाँमाथि सांघातिक आक्रमण तथा निर्घात कुटपिट भएको घटनाप्रति यस कार्यालय गम्भीर दुःख व्यक्त गर्दै घोर भर्त्सना गर्दछ ।

सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण कार्यको प्रभावकारी कार्यान्वयनका लागि फिल्डमा खटिएर जिम्मेवारी निर्वाह गरिरहेका राष्ट्रसेवक कर्मचारीमाथि गरिएको यस्तो हिंसात्मक, अमर्यादित तथा अराजक गतिविधि कुनै पनि दृष्टिकोणबाट स्वीकार्य हुन सक्दैन। यस घटनाले कर्मचारीहरूको मनोबलमा गम्भीर असर पार्नुका साथै सुरक्षित, सम्मानजनक र मर्यादित कार्य वातावरण माथि समेत चुनौती सिर्जना गरेको छ ।

तसर्थ, यस प्रकारको गैरकानूनी तथा आपराधिक घटनामा संलग्न व्यक्तिहरूमाथि तत्काल निष्पक्ष छानबिन गरी प्रचलित कानून बमोजिम कडा कारवाही गर्न सम्बन्धित निकायसमक्ष पूर्वाधार विकास कार्यालय संखुवासभा जोडदार माग गर्दछ। साथै, यस दुःखद घटनाका पीडित सब-इञ्जिनियर श्री आनन्द कुमार साहको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उहाँप्रति ऐक्यबद्धता तथा सहानुभूति व्यक्त गर्दछौ.।

बोधार्थ:

जिल्ला प्रशासन कार्यालय, संखुवासभा।
जिल्ला प्रहरी कार्यालय, संखुवासभा।
तहाँ सम्बन्धित निकाय तथा सरोकारवाला सबै।

Email: idosankhu@gmail.com, Phone: 029-560045, website:- idosankhuwasabha.koshi.gov.np